# सुनछहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-०८१/०८२

चलानी नः-

## आन्तरिक आय संकलन/उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !

*(दोस्रो पटक प्रकाशित मिति: २०८१/०७/२५)*

स्थानीय सरकार संचालन ऐन २०७४ र सुनछहरी गाउँपालिकाको आर्थिक ऐन २०८१ को अनुसूची ४ र अनुसूची १० बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आन्तरिक आय संकलन गर्न सक्ने प्रावधान भए बमोजिम यस सुनछहरी गाउँपालिकाद्वारा आ.व. २०८१/०८२ का लागी आन्तरिक आय संकलन गरी उठाउने प्रयोजनका लागी आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल बमोजिम उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी इच्छुक नेपाली नागरिक, फर्म वा कम्पनीहरुवाट निम्न बमोजिमको रित पुऱ्याइ उल्लेखित समयावधि भित्र यस गाउँपालिका कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| क्र.सं. | आन्तरिक आय ठेक्का नं | ठेक्काको क्षेत्र | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आय ०१-२०८१/०८२ | सुनछहरी गाउँपालिकाको सम्पूर्ण सीमा नाकाहरु | निकासी कर संकलन कार्य | ३,००,०००।- | १,०००।- | |

शर्तहरु:

१. बोलपत्र फाराम, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण-पत्र, नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता र प्रमाण-पत्र तथा आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी पेश गरी सूचनामा उल्लेखित मिति, समय र स्थानमा दोस्रो पटक सूचना प्रकाशित भएको मितिले छैठौं दिनको दिउसो २:०० बजे भित्र यस गाउँपालिका कार्यालयको नाममा नेपाल एस बि आई बैंक सुनछहरी शाखामा रहेको आन्तरिक राजस्व खाता (सुनछहरी गाउँपालिका ग-१.१ आन्तरिक राजस्व खाता ४३५९५२४१२०७००४) मा बोलपत्र दस्तुर दाखिला गरेको सक्कल भौचर संलग्न राखी ७ औं दिनको १२:०० बजे भित्र आफुले कबोल गरेको बोलपत्र अंक (मूल्य अभिवृद्धि कर सहित) को ५ प्रतिशत धरौटी रकम यस गाउँपालिका कार्यालयको नाममा नेपाल एस बि आई बैंक सुनछहरी शाखामा रहेको धरौटी खाता (सुनछहरी गाउँपालिका ग-३ धरौटी खाता ४३५२५२४०६००००३) मा दाखिला गरेको

पत्र संख्याः-०८१/०८२

चलानी नः-

सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिवाट नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको जमानत पत्र (विडवण्ड) शिलबन्दी बोलपत्रमा संलग्न राखी पेश गर्नुपर्नेछ।

२. रितपूर्वक दाखिला भएका बोलपत्रहरु नजिकको कार्यालय प्रतिनिधी र बोलपत्रदाता र निजको प्रतिनिधीको रोहोबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. रित नपुगी म्याद नाघी आएको वा कुनै शर्त राखी आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिनेछैन। गाउँपालिकालाई तिर्न बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति, कम्पनी वा फर्मलाई ठेक्का प्रक्रियामा संलग्न गरिने छैन।

४. स्वीकृत बोलपत्रदाताले कबोल अंक बमोजिमको बार्षिक ठेक्का रकम सम्झौता गर्नुभन्दा पहिले नै गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकले जारी गरेको सम्झौता मितिवाट मिति २०८२ श्रावण मसान्तसम्म म्याद भएको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ।

५. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृति गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ। तर कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धि माग गाउँपालिका कार्यालयलाई स्वीकार्य हुनेछैन।

६. ठेक्का रकम असुली सम्बन्धि प्रशासनिक खर्च ठेकेदार आफैले बेहोर्नु पर्नेछ र प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर आदि बुझाउनु पर्ने दायित्व ठेकेदारको हुनेछ। कर असुली गर्न नगदी रसिद ठेकेदारले आफ्नो तर्फवाट छपाई यस कार्यालयवाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

७. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकीएको समय भित्र खरिद तथा दाखिला गर्न सकिनेछ।

८. बोलपत्रको कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

९. अन्य शर्तको हकमा प्रतिलित ऐन कानुन बमोजिम हुनेछ।

१०. अन्य विस्तृत जानकारीका लागी यस गाउँपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

..................

दया बहादुर बुढामगर

निमित्त प्रमुख प्रशासकीय अधिकृत

दया बहादुर बुढामगर

नि.प्रमुख प्रशासकीय अधिकृत